# Airport initiative to reduce bird strike related incidents

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको Bird Control Coordination and Implementation Committee (BICCU) को बैठक विमानस्थल कार्यालय, वायुसेवा कम्पनी, विमानस्थल सँग जोडिएका का. म. न. पा. , कागेश्वरी नगरपालिकाको प्रतिनिधि, नेपाली सेना, बन, कृषि, पशुपन्छी, सँग सम्बद्ध निकायका प्रतिनिधि को उपस्थितीमा सम्पन्न भयो। प्रारम्भमा चराले ठोकियर हुन सक्ने घटना/ दुर्घटनाका प्रकृतिको तथ्याङ्क, विमानस्थल कार्यालयले घटना न्यूनीकरणका सम्बन्धमा गरेका प्रयास र समाधानमा देखिएका चुनौती का बारेमा प्रस्तुतिकरण गरिएको थियो। विमानस्थलमा चरा बाट हुन सक्ने घटना न्यूनीकरण गर्ने सम्बन्धमा "3C" (1.Collaboration- कमिटी बीचमा छलफलको निरन्तरता, स्थानीय निकाय सँगको सहकार्य) 2. Compliance-फोहरमैला व्यवस्थापन सँग सम्बन्धित नागरिक उड्डयन तथा स्थानीय निकाय को कानुनी व्यवस्थाको कार्यान्वयन सम्बन्धित निकाय बाट गर्ने/गराउने विषय, 3. Control measures- विभिन्न विमानस्थलमा प्रभावकारी ठानिएका विधि तथा चरा धपाउने उपयुक्त प्रविधि/उपकरणको प्रयोग, स्रोत व्यवस्थापन, चरालाई आकर्षित गर्ने आहार, बिहार र बासस्थानको व्यवस्थापन, जोखिम पहिचान तथा निराकरण, विज्ञसँगको परामर्श ई.) मा जोड दिने गरी बैठक सम्पन्न भयो।